# हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## हेटौंडा,मकवानपुर

### सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार उपमहानगरपालिकाको एकिकृत फोहरमैला ब्यवस्थापन तथा सेवा शुल्क सङ्कलन सम्बन्धी बोलपत्र आव्हानको सूचना

ठेक्का नं.:HSMC/ENV/01/2082/83

(प्रथम पटक सूचना प्रकाशित मिति:२०८२/०७/३०

फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार हेटौडा उपमहानगरपालिकाको वडा नं. १ देखि १९ सम्मका घरदैलो, पसल, कार्यालयबाट निस्कने फोहर, सडक सफाइ र सार्वजनिक स्थलका सफाइबाट निस्कने फोहरको संकलन, ढुवानी, प्रशोधन र विसर्जन तथा उपमहानगरपालिकाबाट जारी भएको आर्थिक ऐन बमोजिम सेवा शुल्क उठाउने गरी २०८२ माघ १ गतेदेखि २०८७ साल पुष मसान्तसम्म (पाँच वर्ष) का लागि निजी साझेदार संस्था छनौट गर्नुपर्ने भएकोले वातावरण तथा फोहर व्यवस्थापन सम्बन्धी विषयमा दर्तावाला ईच्छुक फर्म वा कम्पनीहरुले यो सूचनाले माग गरेको देहाय बमोजिमको विवरण खुल्ने गरी वोलपत्र फारममा उल्लेखित शर्तका अधिनमा रही बोलपत्र ई-बिडिङ्ग गर्न आव्हान गरिएको छ ।

यस सम्बन्धी विवरण यस कार्यालयको वेभसाईट ***www.hetaudamun.gov.np*** तथा ई-बिडिङ्ग पोर्टल *www.bolpatra.gov.np/egp* बाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ। अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको वातावरण शाखाको फोन नं.०५७-५२०४३३ मा सम्पर्क राख्न सकिनेछ।

शर्तहरु:–

१. तपसील बमोजिमको न्यूनतम कागजात अनिवार्य हुनु पर्नेछ ।

- फर्म/कम्पनी दर्ता नवीकरण गरेको प्रमाण पत्र (फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी)
- मु.अ.कर (भ्याट) दर्ता
- आ.ब. २०८१।८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी वा म्याद थपको प्रमाण पत्र
- बोलपत्रदाताले आफु यस कार्यमा सहभागी हुन अयोग्य घोषित नभएको र व्यवसायिक कसुर सम्बन्धी सजाय नपाएको भनी लिखित घोषणापत्र
- अख्तियारीनामा
- दस्तुर जम्मा गरेको भौचर अप्लोड
- संयुक्त उपक्रम भएको खण्डमा सो को सम्झौता पत्र
- बोलपत्र पेश गर्ने निवेदन
- लेखापरीक्षकबाट लेखापरिक्षण गरिएको वित्तीय विवरण अनुसार नकारात्मक खुद सम्पत्ती (Negative Net worth) देखिएको फर्म/कम्पनीको बोलपत्र स्वीकार गरिने छैन।
- प्रबन्ध पत्र

२. बोलपत्र सूचना प्रथम पटक प्रकाशित मितिबाट मिति २०८२/०९/०१ गते दिनको १२ बजे भित्र माथि उल्लेखित कागजात संलग्न राखी रु ३०००।– (तीन हजार रुपैंया) दस्तुर (फिर्ता नहुने) यस उपमहानगरपालिकाको नेपाल बैंक लि. हेटौडाको ग १.१. आन्तरिक राजश्व खाता नं.–०२५०३००००१००१०००००१ मा जम्मा गरी सो को प्रमाण सहित e-bidding गरिनुपर्नेछ।

३. बोलपत्रदाताले www.bolpatra.gov.np/egp बाट बोलपत्र पेश गर्नु पर्नेछ।बोलपत्र मिति २०८२/०९/०१ दिनको २:०० बजे बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ ।बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

४. बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र साथ बोलपत्रदाताले आफुले कवोल गरेको पाँच आ.व. को कवोल कुल रोयल्टी रकमको (मु.अ.कर सहित) को न्युनतम ५ (पाँच) प्रतिशतले हुन आउने रकम बोलपत्र जमानत (बिड सेक्युरिटि) वापत यस उपमहानगरपालिका कार्यालयको नाममा रहेको नेपाल बैक लि. सिटि अफिस हेटौंडाको ग ३.१ स्थानीय तह धरौटी खाता नं. ०२५०३०००००३००००००००१ खातामा नगद जम्मा गरेको बैंक भौचरको प्रमाण वा नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त बैंकले यस उपमहानगरपालिका कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट न्युनतम १२० दिन म्याद भएको बिड सेक्युरिटि संलग्न गर्नु पर्नेछ ।रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

६. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भए पश्चात सम्झौताको बखत पहिलो किस्ता वापतको रकम कार्यालयले तोकेको खातामा जम्मा गर्नुपर्नेछ।सम्झौता गर्नु पूर्व कार्य सम्पादन जमानत (परफरमेन्स सेक्युरिटि) वापत पाँच वर्षको लागि कुल कवोल गरिएको बाँकीको रोयल्टी रकमको (मु.अ.कर सहित) सम्झौता मितिबाट सम्झौता अवधि सकिनु भन्दा कम्तिमा दुई महिना बढि म्याद भएको कार्य सम्पादन जमानत (बैंक ग्यारेन्टी) कार्यालयले उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त बैंकले यस उपमहानगरपालिका कार्यालयको नाममा जारी गरेको अनिवार्य पेश गर्नु पर्नेछ ।

७. बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएका ठाउँमा सही छाप हुनु पर्नेछ । रित नपुगेको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पर्ण अधिकार उपमहानगरपालिका कार्यालयमा सुरक्षित रहने छ ।

८. बोलपत्र सम्बन्धी विस्तृत छलफल (प्रि-बिड मिटिङ्ग) मिति २०८२।०८।१४ वा उक्त दिन सार्वजनिक विदा परेको खण्डमा लगत्तै कार्यालय खुलेको दिन ठिक १:०० वजे राखिनेछ ।

९. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१०. बोलपत्रदाता र नगरकार्यपालिकाको कार्यालय विच कुनै द्विविधा उत्पन्न भएमा आपसी समझदारीमा समस्याको समाधान गर्न सकिनेछ । यसरी समस्याको समाधान नभएको हकमा नगरकार्यपालिकाको कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ।

११. तपसील बमोजिम विवरण पेश नभएमा मूल्यांकनमा समावेस गरिनेछैन ।

- कार्यक्षेत्रगत शर्तको सि.नं. ६ बमोजिम न्यूनतम सफाई कर्मचारी र ढुवानीको साधन अनिवार्य पेश गर्नु पर्नेछ नभएमा मुल्यांकनमा समावेस गरिनेछैन ।
- कम्पोष्टिङ्गका लागि न्यूनतम ४ कठ्ठा जग्गाको स्वामित्व प्रमाण र प्रयोगका विषयमा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित पेश गर्नुपर्नेछ नभएमा मूल्यांकनमा समावेस गरिनेछैन ।
- फोहोर व्यवस्थापनका लागि प्रयोग गरिने सवारी साधान कम्तिमा ५०% प्रतिशत कम्पनि/संचालकको नाममा हुनुपर्नेछ नभएमा मूल्यांकनमा समावेस गरिनेछैन ।